FN 30

"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

# धरान उपमहानगरपालिका
# DHARAN SUB-METROPOLITAN CITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

कृषि शाखा

धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल
Dharan, Sunsari, Province No. 1, Nepal

पत्र संख्या :-

चलानी नं. :- २२९६

**प्रथम पटक प्रकाशित मिति :२०७७/०८/१७ गते**

**विषय :- अनुदानको मल विक्रेता छनौटको लागि सुचिकृत हुन आउने बारेको सूचना ।**

प्रस्तुत विषयमा अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका,२०७७ नेपाल सरकार मन्त्री परिषदबाट मिति २०७७/०५/०१ गते कार्यविधि स्वीकृत भई सबै स्थानिय तहमा लागु हुने गरी पठाएकोमा यस धरान उप-महानगरपालिकाले परिक्षेद-३ को दफा-१५ को उपदफा-१ अनुसार मल विक्रेता दफा-११ को उपदफा-१ को खण्ड ङ बमोजिम मल विक्रेता छनौट गरी मल वितरक कम्पनिमा मल विक्रेता छनौट गरी सिफारीस गर्नुपर्ने भएकाले धरान उप-महानगरपालिका कार्यक्षेत्र भित्र मलको कारोबार गर्दै आई रहेका र कारोबार गर्न इच्छुक सहकारी संस्था/फर्म/कम्पनीहरुलाई तपसिलका कागजातहरु संलग्न गरी नगरपालिकाले तोकेको निवेदनको ढाँचामा सूचना प्रकाशित मितिले १५ दिन भित्र आवेदन दिनुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिन्छ ।

नोटः कृषि सहकारी संस्थाहरुलाई पहिलो प्राथमिकता दिईनेछ ।

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु :-**

१. सहकारी/फर्म/कम्पनीको निवेदन पत्र

२. सहकारी/फर्म/कम्पनीको बैठकको निर्णय प्रतिलिपि

३. सहकारी/फर्म/कमपनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि

४. विगत २ आ.व. को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि

५. स्थायी लेखा नम्बर दर्ताको प्रतिलिपि

६. आ.व.२०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

७. अनुभव, कार्यदक्षता, कार्यक्षमताको विविरण

८. नापतौल गर्ने मेशिन, गोदामघर, सूचना प्रविधि लगायतका भौतिक पूर्वाधारहरुको विवरण

९. सम्बन्धित वडा कार्यालयको सिफारिस

खनाल
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र तामाङ
कृषि प्रसार अधिकृत

कार्यकारी अधिकृत: ०२५-५२०२७९, आर्थिक प्रशासन: ५२५४९०, सूचना, राजस्व: ५२०१०९, कार्यालय: ५२०४०७, ५२०६३६, ५२०८१३ फ्याक्स: ५२१९९१ वरुणयन्त्र: १०१, ५२०१९९
E-mail: info@dharan.gov.np, Website: http:/www.dharan.gov.np